नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(प्रशासन सुधार महाशाखा)

पत्र संख्या : २०८३/०८४
चलानी नं: . 69

मिति २०८३/०५/०८

नेपाल सम्बत् ११४६, गुंलाथ्व

श्री संघीय मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/ निकायहरु सबै।

**विषय: २३ औं निजामती सेवा दिवस मनाउने सम्बन्धमा।**

निजामती सेवा दिवस, २०८३ मनाउने सम्बन्धमा श्रीमान् मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०५/०५ मा बसेको निजामती सेवा दिवस समारोह समितिको बैठकको निर्णय यसै साथ संलग्न छ। संलग्न निर्णय बमोजिम निजामती सेवा दिवस, २०८३ उल्लासमय तरिकाले मनाउने व्यवस्था मिलाउनु हुन तथा सिंहदरवार भित्र कार्यरत सम्पूर्ण निजामती कर्मचारीहरुलाई निजामती पोशाकमा तपसिल बमोजिमको कार्यक्रममा अनिवार्य उपस्थित हुने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ ।

(एकदेव अधिकारी)
सहसचिव

तपसिल

| | |
|---|---|
| कार्यक्रम | : निजामती सेवा दिवस, २०८३ मूल समारोह |
| मिति | : २०८३/०५/२२ |
| स्थान | : पुरानो संसद (राष्ट्रिय सभा) भवन अगाडिको खुला प्राङ्गण, सिंहदरवार |
| समय | : बिहान ७:४५ बजे |

सिंहदरवार, काठमाण्डौं ०१-४२००३०९
इमेल: hrd.section@mofaga.gov.np वेबसाइट :http://www.mofaga.gov.np

निजामती सेवा दिवस मूल समारोह समितिको मिति २०८३।५।५ गते बसेको बैठकका निर्णयहरू:

निर्णय नं १: निजामती सेवा दिवस (२०८३ भाद्र २२) को नारा साविक बमोजिमकै "व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन" कायम गर्ने।

निर्णय नं २: निजामती सेवा दिवस मनाउने सम्बन्धमा निम्न बमोजिमका मूल समारोह समिति तथा उपसमिति गठन गर्ने।

क. निजामती सेवा दिवस मूल समारोह समिति- २०८३

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | - अध्यक्ष |
| महासचिव, सङ्घीय संसद सचिवालय | - सदस्य |
| मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| सचिवहरु (रा.प. विशिष्ट श्रेणी), सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकाय | - सदस्य |
| सचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन | -सदस्य सचिव |

मूल समारोह समितिको कार्यजिम्मेवारी

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहने मूल समारोह समितिको सचिवालय मार्फत आवश्यकता अनुसार निजामती सेवा दिवस मूल समारोह समितिको बैठक बोलाउने, बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्ने।

ख. निजामती सेवा दिवस कार्यक्रम संयोजन उपसमितिः

| | |
|---|---|
| सचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन | - संयोजक |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सहरजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| सहसचिव, सङ्घीय संसद सचिवालय | - सदस्य |
| सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| सहसचिव, पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| सहसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | -सदस्य |
| सहसचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय | -सदस्य |
| सहसचिव, प्रशासन सुधार महाशाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य-सचिव |

कार्यक्रम संयोजन उपसमितिको कार्यजिम्मेवारी

- निजामती सेवा दिवस मनाउने सन्दर्भमा निजामती सेवा दिवस मूल समारोह समितिबाट भएका निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने, गराउने।
- मूल समारोहको कार्यक्रम आयोजना गर्ने।

मुख्य सचिव

- निजामती सेवा दिवस मूल समारोह कार्यक्रमको व्यवस्थापकीय भूमिका निर्वाह गर्ने।
- निजामती सेवा दिवस मनाउन आवश्यक पर्ने बजेटको प्रबन्ध गर्ने।

**निर्णय नं ३. निजामती सेवा दिवसको अवसरमा निम्न बमोजिमका कार्यक्रमहरू संचालन गरी दिवस मनाउने।**

क. वि.सं. २०८३ भदौ २२ गते बिहान सबै कर्मचारीको सहभागितामा आ-आफ्नो कार्यालय परिसर सरसफाई गर्ने।

ख. वि.सं. २०८३ भदौ २२ गते स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको संयोजनमा रक्तदान कार्यक्रम संचालन गर्ने।

ग. वि.सं. २०८३ भदौ २२ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयको संयोजनमा उपयुक्त स्थानमा वृक्षरोपण गर्ने।

घ. वि.सं. २०८३ भदौ २२ गते विहान ८:००-९:०० बजे औपचारिक मूल समारोहको कार्यक्रम निम्न बमोजिम संचालन गर्ने।

<u>समारोह स्थल:</u> सिंहदरवार परिसर (पुरानो राष्ट्रियसभाको भवन अगाडीको खुला स्थान)

<u>सहभागिता:</u> उक्त कार्यक्रममा सहभागिता जनाउन सबै मन्त्रालय, आयोग, निकाय, कार्यालयका सम्पूर्ण कर्मचारीहरू बिहान ७:४५ बजे समारोह स्थलमा उपस्थित हुने।

<u>कार्यक्रम कार्यतालिका:</u>

| क.सं. | कार्यक्रम/विषय | जिम्मेवार/प्रस्तुतकर्ता | समय |
|---|---|---|---|
| १ | कार्यक्रमको अध्यक्षता ग्रहण | मुख्य सचिव, नेपाल सरकार | ८:०५ |
| २ | आसन ग्रहण | प्रमुख अतिथि,<br>संघीय संसदका महासचिव, मुख्य रजिष्ट्रार, सचिवज्यूहरू तथा अन्य अतिथिहरू | ८:१० |
| ३ | राष्ट्रिय गान | | ८:१० |
| ४ | स्वागत मन्तव्य | सचिव, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८:१०—८:१५ |
| ५ | कार्यक्रमको उद्घाटन | प्रमुख अतिथि | ८:१५ |
| ६ | निजामती सेवाको सम्बन्धमा मन्तब्य | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट "*निजामती सेवाको विद्यमान अवस्था, चुनौती र भावी कार्यदिशा*" विषयमा प्रस्तुति | ८:२०—८:३५ |
| ७ | मन्तव्य | महासचिव, संघीय संसद | ८:३५—८:४० |
| ८ | मन्तव्य | मुख्य रजिष्ट्रार, सर्बोच्च अदालत | ८:४०—८:४५ |
| ९ | मन्तव्य | प्रमुख अतिथि | ८:४५—८:५२ |
| १० | मन्तव्य | मुख्य सचिव, नेपाल सरकार | ८:५२—९:०० |
| | चियापान | — | ९:०० पश्चात् |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



मुख्य सचिव

निर्णय नं ४: प्रदेश, जिल्ला तथा स्थानीय तहमा निजामती सेवा दिवस मनाउने सम्बन्धमा।

क. प्रदेश राजधानीमा प्रमुख सचिवले निजामती सेवा दिवस कार्यक्रमको संयोजन गरी विविध कार्यक्रम (सरसफाई, वृक्षरोपण, रक्तदान, खेलकुद, अन्तरसंवाद, औपचारिक समारोह आदि)आयोजना गरी मनाउने।

ख. प्रदेश राजधानी बाहेकका जिल्लाको सदरमुकाममा निजामती सेवा दिवस कार्यक्रम प्रमुख जिल्ला अधिकारीले संयोजन गरी विविध कार्यक्रम (सरसफाई, वृक्षरोपण, रक्तदान, खेलकुद, अन्तरसंवाद, औपचारिक समारोह आदि) आयोजना गरी मनाउने।

ग. सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतले निजामती सेवा दिवस कार्यक्रमको संयोजन गरी मनाउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२०८१।५।१५

मुख्य सचिव